(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

# gjljsNk

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक




खेल प्रतियोगिता आयोजनामा प्रतिस्पर्धा - *अन्तिम पृष्ठमा*

वर्ष ८ अङ्क ३० पूर्णाङ्क ३६८ आइतवार, वैशाख ५, २०७३ Apr. 17, 2016, Sunday पृष्ठसङ्ख्या ६+१० मूल्य रु. १०/-

## बन्द अवस्थामा रहेका म्याग्दीका खानीहरु

# संरक्षण र उत्खननको पर्खाइमा

■ सन्तोष गौतम/नवविकल्प



बन्द तामाखानी : म्याग्दीको मच्छिममा हाल बन्द अवस्थामा रहेको तामाखानी । *तस्वीर : सन्तोष गौतम*

**तत्कालीन सरकारले आम्दानी भन्दा बढी कर लगाएपछि बन्द भएका म्याग्दीमा रहेका तामाखानीहरु सञ्चालन गर्न नितिगत सुधारका लागि पहल गर्नुका साथै जनशक्ति, प्रविधि, पूर्वाधारको तयार गर्नुपर्ने देखिन्छ ।**

म्याग्दीका विभिन्न ठाउँमा रहेका खानीहरू संरक्षण र उत्खनन्को पखाईमा रहेका छन् । तामा, स्लेट (घर छाउने ढुङ्गा) शिलाजीत, खरि, चुनढुङ्गाका खानीहरू बर्षौदेखि बन्द अवस्थामा रहेका छन् ।

बन्द खानीहरूको संरक्षण पनि हुन सकेको छैन् । संरक्षणको अभावमा खानीहरू पुरिँदै गएका छन् । खानीहरूको सम्भाव्यता अध्ययन गर्न सम्बन्धित निकायले चासो देखाएका छैनन् । रूम र लुलाङमा रहेको स्लेट खानीबाट परम्परागत रूपमा उत्खनन् भैरहेको छ ।

भगवतीको खरीढुङ्गा खानी प्रक्रिया पुरा नगरी सञ्चालन भएकाले विगत एक वर्षदेखि बन्द

*बाँकी पृष्ठ १५ मा*

## म्याग्दीको साहित्यमा उज्जालो वर्ष २०७२



... हुन त म्याग्दीमा अन्य सामाजिक विकासका कामहरु पनि थुप्रै भए होलान्, गरिए होलान् । साहित्यको क्षेत्रमा पनि अघिल्ला वर्षहरुमा झैं २०७२ सालमा यहाँ थुप्रै गतिविधिहरु भए । तुलनात्मक रुपमा भन्ने हो भने त अघिल्ला वर्षहरुमा भन्दा साहित्यका क्षेत्रमा यहाँ धेरै र नौला कामहरु पनि भए । वैशाख १२ को विनाशकारी महाभूकम्पले निम्त्याएको त्रासमय वातावरणमा, मुलुक संकटमा फसेको घडीमा, नाकाबन्दीमा परेको अप्ठ्यारो परिस्थितिमा समेत यहाँका सक्रिय साहित्यकर्मी र साहित्यिक सङ्घसंस्थाहरुको आयोजनामा विभिन्न उपलब्धिमूलक गतिविधिहरु सञ्चालन भए ।

पृष्ठ ३ मा

## सूचना

**घरेलु हिसा- अपराधको जघन्य प्रकार सबै मिली गरौं यसको प्रतिकार ।**

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

ADMISSION OPEN

Small Heaven Montessori 2016

भर्ना खुल्यो ।



२ वर्षदेखि ५ वर्षसम्मका नानी बाबुहरुका लागि भर्ना खुल्यो ।

स्मल हेभन मन्टेश्वरी नै किन ?

निःशुल्क भर्नाको व्यवस्था

- मन्टेश्वरी तालिम प्राप्त दक्ष तथा अनुभवी शिक्षिकाहरुद्वारा अध्यापन गराइने,
- तालिम प्राप्त स्वास्थ्यकर्मीबाट बच्चाको स्वास्थ्य हेरचाह गरिने,
- स्वच्छ, मनोवैज्ञानिक तथा मनोरञ्जनात्मक वातावरणमा सिकाईने,
- बालमैत्री खेल सामग्री र भौतिक पूर्वाधारहरुको सुविधा,
- अडियो, भिडियो सहितको मनोरञ्जनात्मक कक्षा कोठाको व्यवस्था ।

SMALL HEAVEN MONTESSORI

Beni-6, Sangam Chowk, Myagdi Contact:- 9847642933, 9857640911, 9857640773

## 5f6s/L

## बेनीमा रक्तदान कार्यक्रम

■ **नवविकल्प**

बेनीमा बिहीबार रक्तदान कार्यक्रम सम्पन्न भएको हो । बेनीमा क्रियाशिल लायन्स कल्वहरूको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम भएको हो ।

उक्त अवसरमा २० जनाले रक्तदान गरेका थिए । बिस प्वाईन्ट रगत संकलन भएको छ । शुक्रबारदेखि बेनीमा सञ्चालन हुन लागेको निशूल्क अर्थोपेडीक स्वास्थ्य शिवीरका बिरामीलाई आवश्यक पर्ने रगत संकलनका लागि रक्तदान कार्यक्रम गरिएको लायन्स कल्व अफ बेनी सिटीका अध्यक्ष सुविन श्रेष्ठले बताए । नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा म्याग्दीद्वारा सञ्चालित रक्तसञ्चार गृहको प्राबिधिक सहयोगमा रक्तदान कार्यक्रम गरिएको थियो । लायन्स कल्वको ३२५ बिवान जिल्ला शाखाका सल्लाहकार चन्द्रकुमार केसीको प्रमुख आतिथ्यता, लायन कुबिरकुमार श्रेष्ठको अध्यक्षता, रामकृष्ण बराइलीको सञ्चालनमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

## फौजी किराको प्रकोप फैलियो

■ **नवविकल्प**

म्याग्दी जिल्लाको अन्नको भण्डार मानिने ताकम गाविसको खेतबारीमा लगाएको बर्खेबालीमा फौजी किराको प्रकोप फैलीएको छ ।

केही दिनदेखि निरन्तरको खडेरीका कारण फैलीएको फौजीकिराले मकै, सिमी लगायत बर्खेबालीको साथै तरकारीको पात र डाँठ खाएर बिरूवामा क्षत्ती पुऱ्याउन थालेको छ । ताकमको सबैजसो खेतबारीमा फैलीकिराको समस्या देखिएको स्थानीय बासीन्दा नेत्रलाल सुवेदीले बताए । सुवेदीका अनुसार घरेलु प्रबिधि र जैवीक बिषादीको प्रयोग गरेर फौजीकिरा नियन्त्रणको प्रयास गरेपनि सुख्खा मौसमसंगै प्रकोप फैलीएको छ । उनिहरूले सम्बन्धित निकायबाट फौजीकिरा नियन्त्रणका लागि बिषादी र प्राबिधिक सहयोगको अपेक्षा गरेका छन् । गत वर्ष पनि यो सिजनमा म्याग्दीका धेरैजसो ठाउँमा फौजीकिराको समस्या देखिएको थियो । ठूलो संख्याको समूहमा देखिने फौजी किराले पात खाईदिदाँ बाली बिरूवाको वृद्धि विकास प्रभावित बन्न पुगी उत्पादनमा २० देखि २५ प्रतिशतसम्म क्षत्ती पुग्ने जनाइएको छ ।

## फौजी किराको प्रकोप फैलियो

■ **नवविकल्प**

म्याग्दीमा जिउँदो कुखुरा र कुखुराको मासुको मूल्य समायोजन भएको छ । कुखुरापालक कृषक र मासु ब्यवसायीको शुक्रबार बेनीमा बसेको बैठकले कुखुराको मासु बिक्री वितरणलाई ब्यवस्थित बनाउने र मूल्य समायोजन गर्ने निर्णय गरेको हो । जिउँदा कुखुरा र मासुको मूल्य शुक्रबारदेखि लागू हुनेगरि साबिकको भन्दा बिस रूपैयाँ घटाइएको कुखुरा ब्यवसायी संघका अध्यक्ष शिव खड्काले जानकारी दिए ।

ज्यूदो कुखुराको मूल्य प्रति केजी २४० बाट घटाएर २२० रूपैयाँ कायम गरिएको छ । कुखुराको मासुको मूल्यमा पनि साविकको मूल्य प्रतिकेजी ३८० बाट घटाएर ३६० रूपैयाँ कायम गरिएको अध्यक्ष खड्काले बताए ।

साथै वैठकले उपभोक्तको अधिकारलाई ख्याल गरि सफा र स्वच्छ मासु विक्री वितरण गर्न सावधानी अपनाउने निर्णय पनि गरेको कुखुरा ब्यवसायी संघका सचिव तेजेन्द्र बानियाँले बताए । बानियाँका अनुसार बेनीका मासु पसलहरूमा मासुको बिक्री मूल्य सूची राखिने भएको छ ।

म्याग्दीमा मासुका लागि दैनिक १० देखि १२ क्विन्टलसम्म ज्युदो कुखुरा खपत हुने संघले जनाएको छ । अहिले जिल्लाकै उत्पादनले यहाँको मागलाई धान्न सकेको सचिव बानियाँले बताए ।

## राष्ट्रिय कर्मचारी संगठनको विरोध

■ **नवविकल्प**

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती जिल्ला समिति म्याग्दीले आधिकारीक ट्रेड युनियनको निर्वाचनका लागि नयाँ परिस्थितीमा नयाँ निर्वाचन कार्यक्रम घोषणा गर्न माग गर्दै मंगलबार बिरोधपत्र बुझाएको छ ।

संगठनका अध्यक्ष दिपकलाल पालको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारी केशव आचार्य मार्फत सरकार र जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा बिरोधपत्र बुझाएको हो । चैत २८ गते हुने भनिएको निर्वाचन बिना छलफल सरकारले एकलौटी दंगले बैशाख १० गतेलाई राखेकोप्रती संगठनले असहमती जनाएको छ । १० गतेको निर्वाचनका लागि गैरकानुनी रूपमा अघि बढाइएका कामकारबाहि स्थगित गरि नयाँ निर्वाचन कार्यक्रम घोषणा गर्नुपर्ने संगठनले माग गरेको छ ।

## राम्जाली परिवारबाट सहयोग

■ **नवविकल्प**

म्याग्दीको सिम देखि कुहुं जोड्ने मोटरबाटोलाई एक लाख रूपैयाँ भन्दा बढी आर्थिक सहयोग प्राप्त भएको छ । कुहुं ४ का रूपेश राम्जाली र बलबहादुर राम्जालीले स्वर्गीय बुवा कुलप्रसाद राम्जालीको स्मृतीमा सडकका लागि ६० हजार रूपैयाँ नगद सहयोग गरेका छन् । यसैगरी कुहुं ४ घर भई हाल बेलायत बस्नुहुने मनकुमारी राम्जालीले दिवंगत श्रीमान गोरे राम्जालीको स्मृतीमा नगद ५५ हजार रूपैयाँ सहयोग गरेको कुहुँबाट एकजित रोकाले जानकारी दिए । राम्जाली परिवारले कुहुँका आमा समूह, विद्यालय, कल्व र सामाजिक काममा आर्थिक सहयोग गर्दै आएका छन् ।

### सच्याइएको

वर्षा ८ अंक २९, २०७२ चैत्र २८ को मुख्य समाचारमा "...दाताको सहयोगमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुले वार्षिक २५ देखि ३० करोड रुपैयाँ बजेट परिचालन गरेको देखिन्छ ।" हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ । - **सम्पादक**

# फोटो कथा



**कृषकलाई औजार वितरण** : जिल्ला कृषि विकास कार्यालयमा कृषकहरुलाई विउ राख्ने टिनको भाडो मेटलबिन वितरण गरिदै । कृषि विकास कार्यालयले कृषकलाई २५ प्रतिशत अनुदानमा ५० वटा मेटलविन वितरण गरेको जनाएको छ । *तस्वीर: सन्तोष गौतम*



**चौवन्दी चोलीमा चिटिक्कै** : म्याग्दी बहुमुखी क्याम्पसको रजत जयन्तीको अवसरमा आयोजित समारोहमा परम्परागत पोशाकमा सजिएका छात्राहरु । म्याग्दी क्याम्पसले चैत २८ गते एक समारोहको आयोजना गरेर रजत जयन्ती मनाएको छ । *तस्वीर : सन्तोष गौतम*



**नदी नियन्त्रणको काम सुरू** : म्याग्दी सदरमुकाम बेनी बजारलाई कालीगण्डकीको कटानबाट बचाउनका लागि पक्कि पर्खाल बनाउने तयारी गरिदै । विद्युत प्राधिकरणको कार्यालय मुनी देखि जेसीज भवन भन्दा माथीसम्म १२४.५ मिटर दुरीमा सात मिटर अग्लो आरसीसी पर्खाल लगाउने योजना रहेको छ ।

तस्विर सन्तोष गौतम

# म्याग्दीको साहित्यमा उज्जालो वर्ष २०७२

**... हुन त म्याग्दीमा अन्य सामाजिक विकासका कामहरु पनि थुप्रै भए होलान्, गरिए होलान् । साहित्यको क्षेत्रमा पनि अघिल्ला वर्षहरुमा झैं २०७२ सालमा यहाँ थुप्रै गतिविधिहरु भए । तुलनात्मक रुपमा भन्ने हो भने त अघिल्ला वर्षहरुमा भन्दा साहित्यका क्षेत्रमा यहाँ धेरै र नौला कामहरु पनि भए । वैशाख १२ को विनाशकारी महाभूकम्पले निम्त्याएको त्रासमय वातावरणमा, मुलुक संकटमा फसेको घडीमा, नाकावन्दीमा परेको अप्ठ्यारो परिस्थितिमा समेत यहाँका सक्रिय साहित्यकर्मी र साहित्यिक सङ्घसंस्थाहरुको आयोजनामा विभिन्न उपलव्धिमूलक गतिविधिहरु सञ्चालन भए ।**



**शिव सस्मित**

कसैले पनि आफ्नो रूप आफैले देख्न सक्दैन । आफ्नो रूप सफा या फोहोरी कस्तो छ भन्ने बारेमा कि त अरूले भनिदिनुपर्छ कि ऐनाको प्रयोग गर्नुपर्दछ । अझ विश्वासयोग्य साधन त ऐना नै हो किनकि अरूले भनिदिने कुरामा आग्रह पूर्वाग्रह हुन सक्दछन् । कलुषित भावना बोकेका मानिसहरूले राम्रोलाई नराम्रो र नराम्रोलाई राम्रो पनि भनिदिन सक्छन् । त्यसैले ऐना नै वास्तविक रूप देखाइदिने एक मात्र साधन हो । यो कुरा व्यक्तिविशेषमा मात्र लागु नभएर समाजमा पनि लागू हुन्छ ।

साहित्यलाई समाजको ऐना मानिन्छ । यो विश्वव्यापी मान्यता हो । साहित्यले समाजको यथार्थ चित्रण गर्ने भएकाले होला सायद यसलाई समाजको दर्पण भनिएको तर साहित्यले रूप देखाउने काम मात्र गर्दैन सही मार्गनिर्देशन पनि गर्दछ । त्यसैले समाजको लागि त साहित्य फगत ऐना होइन भन्न सकिन्छ । साहित्य त एक त्यस्तो साधन हो जसले भावनाको खेती गरी समाजलाई 'चेतन' नामको फल प्रदान गर्दछ । जुन फलको उपभोगबाट समाजले आफूलाई जीवित राख्दछ । चेतनाशुन्य समाज मरेतुल्य हुने हुँदा चेतना छरेर साहित्यले त्यसलाई जीवित राख्ने काम गर्दछ भनिएको हो ।

ऐना आफैमा सफा र पारदर्शी भने हुनुपर्दछ । धमिलो ऐनाले राम्रो कुरालाई स्पष्ट रूपमा देखाउन सक्दैन । यसर्थ ऐनारूपी साहित्य पनि आफैमा सफा हुनु जरूरी छ । साहित्यलाई शुद्ध, सफा र पारदर्शी बनाउने काममा साहित्यकर्मीहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसका साथसाथै साहित्यको उन्नयन र विकासमा साहित्यकर्मीहरूले आफ्ना साहित्यिक गतिविधिमार्फत् योगदान दिइरहेका पनि हुन्छन् ।

म्याग्दी जिल्ला संस्कृति र साहित्यको धनी जिल्ला हो भन्दा अत्युक्ति नहोला । यहाँ सञ्चालन हुने हुने सांस्कृतिक तथा साहित्यिक क्रियाकलापहरूको इतिहास पल्टाउने हो भने यस कुराको पुष्टि हुन्छ । हुन त म्याग्दीमा अन्य सामाजिक विकासका कामहरू पनि थुप्रै भए होलान्, गरिए होलान् । साहित्यको क्षेत्रमा पनि अघिल्ला वर्षहरूमा झैं २०७२ सालमा यहाँ थुप्रै गतिविधिहरू भए । तुलनात्मक रूपमा भन्ने हो भने त अघिल्ला वर्षहरूमा भन्दा साहित्यका क्षेत्रमा यहाँ धेरै र नौला कामहरू पनि भए । वैशाख १२ को विनाशकारी महाभूकम्पले निम्त्याएको त्रासमय वातावरणमा, मुलुक संकटमा फसेको घडीमा, नाकावन्दीमा परेको अप्ठ्यारो परिस्थितिमा समेत यहाँका सक्रिय साहित्यकर्मी र साहित्यिक सङ्घसंस्थाहरूको आयोजनामा विभिन्न उपलब्धिमूलक गतिविधिहरू सञ्चालन भए । म्याग्दीमा वर्ष २०७२ को अवधिमा साहित्यको क्षेत्रमा के कति गतिविधिहरू भए त ? सम्बन्धित सूचनादाताहरूले दिएको सूचनाका आधारमा ती गतिविधिहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**२०७२ वैशाख**

– वैशाख २४ गते 'अग्रजको सम्मान, अनुजको प्रोत्साहन भाषा साहित्य समाज सेवा हाम्रो अभियान' भन्ने नाराका साथ म्याग्दीमा स्थापित साहित्यिक संस्था म्याग्दी साहित्य सञ्चारद्वारा प्रकाशित बुलबुल पत्रिकाको तर्फबाट वैशाख १२ गतेको विनाशकारी महाभुकम्पमा परी ज्यान गुमाएका र पीडित परिवारहरूका लागि राहत स्वरूप जिप्रका प्रमुखज्यूमार्फत् नगद रू. ५०००।- (पाँचहजार रूपैयाँ) हस्तान्तरण गरिएको थियो । तेह्रौं पुण्यतिथिको अवसरमा सोही दिन साँझ ६ बजे भुकम्पमा परी ज्यान गुमाएकाहरूको आत्माको चिर शान्तिको कामना गर्दै म्याग्दी साहित्य सञ्चार र मानवअधिकार तथा शान्ति समाजको संयुक्त आयोजनामा बेनीबजारको लोकतान्त्रिक चोक (विरेन्द्रचोक)मा दीप प्रज्वलन गरियो । आफैं सधैं आर्थिक अभावमा रहने एउटा साहित्यिक संस्थाले भुकम्प पीडितका लागि गरेको आर्थिक सहयोगको सवैतिरबाट मुक्तकण्ठले प्रसंशा भएको थियो ।

– वैशाख २६ गते शनिबार होटल नमस्तेमा म्याग्दी साहित्य सञ्चारकै आयोजनामा एक काव्य गोष्ठी सञ्चालन गरिएको थियो । उक्त गोष्ठीमा उपस्थित साहित्यकारहरूले महाभुकम्पसँग सम्बन्धित विविध रचनाहरू वाचन गरेका थिए ।

**२०७२ जेठ**

– जेठ २ गते 'साहित्य विकासका लागि निरन्तर साधना गरौं' भन्ने नाराका साथ म्याग्दी जिल्लामा स्थापना भएको सुवासना साहित्यिक सदनले मूर्धन्य साहित्यकार भूमि शेरचनको स्मृति दिवसको अवसर पारेर सुवासना साहित्यिक पत्रिका (मुक्तक विशेषाङ्क) को विमोचन गऱ्यो । पोखरा तथा धौलागिरि अञ्चलका अन्य जिल्लाका मुक्तककारहरूको गर्विलो उपस्थिति भएको उक्त कार्यक्रममा मुक्तक लगायत विविध रचना वाचनसमेत गरिएको थियो । भने मुक्तक विशेषाङ्कका रूपमा प्रकाशित सुवासना साहित्यिक पत्रिकाको समिक्षा समेत गरिएको थियो ।

– जेठ ५ गते म्याग्दी जिल्लाको जेठो साहित्यिक संस्था म्याग्दी साहित्यिक समाजको आयोजनामा म्याग्दीका अग्रज साहित्यकार अजयमिलन श्रेष्ठको 'वायुपङ्खी घोडा' व्यङ्ग्य निबन्ध सङ्ग्रहको विमोचन भयो । हरेक वर्ष आफ्नो जन्मदिनको अवसरमा एउटा कृति प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिंदै स्रष्टा श्रेष्ठले उक्त कृति प्रकाशन गर्नुभएको हो ।

– जेठ १७ गते म्याग्दी साहित्यिक समाजकै आयोजनामा अग्रज साहित्यकार एवम् म्याग्दी साहित्यिक समाजका अध्यक्ष ध्रुवलाल शर्माको 'यात्राका अनुभूति' नियात्रा विमोचन भयो । आफ्नो जन्मदिनको अवसर पारेर वर्षेनी एक एक वटा कृति प्रकाशन गर्दै आउनुभएका शर्माले यस वर्ष पनि उक्त कामको निरन्तरता दिंदै नियात्रा प्रकाशन गर्नुभएको हो ।

– जेठ २९ गते म्याग्दी साहित्य सञ्चारको आयोजनामा एक कार्यक्रम गरी क्रियाशील महिला साहित्यकार हिरा शर्मा 'सङ्घर्ष' को 'उसको डायरी' उपन्यास विमोचन भयो । म्याग्दीका थुप्रै स्रष्टा एवम् साहित्यप्रेमीहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा विविध रचना वाचन र कृतिको समीक्षा समेत भएको थियो ।

**२०७२ असार**

– असार ४ गते सुवासना साहित्यिक सदनको आयोजना एवम् शिला क्यासेट सेन्टरको प्रस्तुतीमा सञ्चारकर्मी विदुर बराइलीको आधुनिक गिती एल्बम 'त्याग' मा समावेश 'मलाई पराइ नठान्नु है' गीतको लोकार्पण कार्यक्रम सम्पन्न भयो ।

– असार ५ गते सुवासना साहित्यिक सदनकै आयोजनामा हाम्रो मुक्तक यात्राको पहिलो संस्करण अभियानको रूपमा सुरू भयो । यस यात्रामा म्याग्दी र पर्वतका मुक्तककारहरूको प्रत्यक्ष उपस्थितिमा मुक्तकहरू वाचन गरिएको थियो । बेनीबजारको गणतान्त्रिक चोकमा सञ्चालन गरिएको उक्त कार्यक्रममा मुक्तक सुन्नका लागि सयको हाराहारीमा स्थानीयवासी र अन्य यात्रुहरू सहभागी भएका थिए । (अवगत रहोस् वर्षभरि सदनले मुक्तक यात्राको ६ वटा संस्करण प्रस्तुत गरिसकेको छ ।)

– असार २९ गते आदिकवि भानुभक्त आचार्यको २०२ औं जन्मजयन्तीको अवसर पारी म्याग्दीमा क्रियाशील चारवटा साहित्यिक संस्थाहरू (म्याग्दी साहित्यिक समाज, पौलस्त्य साहित्यिक समाज, सुवासना साहित्यिक सदन र म्याग्दी साहित्य सञ्चार) को संयुक्त आयोजनामा धौलागिरि अञ्चलस्तरीय कविता प्रतियोगिता सम्पन्न गरियो । धौलागिरि अञ्चलका धेरैजसो साहित्यकारहरूको गरिमामय उपस्थिति रहेको उक्त कार्यक्रममा युवा सर्जक सुसन विसर्जनको 'मनको कोलाजमा' सेदोका सङ्ग्रह विमोचन हुनुका साथै कृतिको समिक्षा, आदिकवि भानुभक्तको चर्चा, एवम् स्रष्टाहरूका अप्रतियोगी रचना वाचन समेत भएको थियो । नेपालको गजल साहित्यमा विद्यावारिधी गर्ने पहिलो व्यक्ति डा. घनश्याम न्यौपाने 'परिश्रमी'को प्रमुख आतिथ्यताले कार्यक्रमको गरिमालाई अत्यन्तै उच्च राख्न सफल तुल्याएको थियो भने कार्यक्रमका आयोजकहरूले डा. परिश्रमीलाई खादा र प्रमाणपत्रद्वारा सम्मान पनि गरेका थिए ।

**२०७२ साउन**

– साउन १९ गते नेपालका चर्चित आख्यानकार, मदन पुरस्कार विजेता अमर न्यौपानेको म्याग्दी आगमन भयो । म्याग्दी साहित्य सञ्चारले आयोजना गरेको एक कार्यक्रमबीच न्यौपानेको पछिल्लो कृति करोडौं कस्तुरीको चर्चा परिचर्चा गरिएको थियो । स्रष्टा अमर न्यौपानेसँग साक्षात्कार हुन कार्यक्रमस्थल माउन्ट एभरेष्ट आवासीय उच्च माविको प्राङ्गणमा म्याग्दीका थुप्रै साहित्यकारहरूको जमघट भएको थियो ।

**२०७२ भदौ**

– भदौ १८ गते नेपालका ख्यातिप्राप्त गजलकार एवम् गजल विकासका अभियन्ता बुँद रानाको नेतृत्वमा कपिल लामिछाने, रूद्र ज्ञवाली, षडानन्द पौडेल, वनमाली निराकार लगायतको साहित्यकार टोली भैरहवादेखि म्याग्दीमा आएको थियो । यस अवसर पारी माउन्ट एभरेष्ट आवासीय उमाविको मुख्य प्रायोजन र म्याग्दी साहित्य सञ्चारको आयोजनामा स्रष्टा सम्मान कार्यक्रम सम्पन्न गरिएको थियो । यसै अवसर पारेर म्याग्दी जिल्लामा स्थापित संस्था 'नन्दकला हरिलाल स्मृति पुरस्कार' ले एसएलसी परीक्षा २०७१ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी ओस्कार शर्मालाई पुरस्कृत समेत गरेको थियो ।

– भदौ २६ गते म्याग्दी साहित्य सञ्चारकै आयोजनामा 'त्रितालमा गजल' कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न भयो । टिकट प्रणाली लागू गरिएको यस कार्यक्रममा गजल वाचनका लागि बागलुङका दिल श्रीस, रूपन्देहीका सुरज घिमिरे 'दीपशिखा' र म्याग्दीका दीपक विखर्ची गरी तीनजना गजलकारहरूलाई उपस्थित गराइएको थियो । गजलकारहरूको गजल सुन्न सयौंको संख्यामा गजलप्रेमी तथा साहित्यकारहरूको सहभागिता रहेको थियो भने कार्यक्रममा अन्य गजलकारहरूले पनि गजल वाचन गरेका थिए ।

**२०७२ कार्तिक**

– कार्तिक २५ गते नेपालका महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०७ औं जन्मजयन्तीको अवसर पारेर सुवासना साहित्यिक सदनले एक कार्यक्रमको आयोजना गरी स्रष्टा शिव सस्मितको 'बहाव' गजल सङ्ग्रहको विमोचन गऱ्यो । उक्त कृतिको प्रकाशक आफैं रहेको सदनले आयोजना गरेको उक्त कार्यक्रममा अर्का स्रष्टा सञ्जयकुमार श्रेष्ठको 'सम्मान र ताली' कथा सङ्ग्रहको समेत विमोचन भएको थियो । म्याग्दी र पर्वतका थुप्रै स्रष्टाहरूको उपस्थिति रहेको सो कार्यक्रममा कृतिको समिक्षा, महाकवि देवकोटाको चर्चा एवम् विविध रचना वाचन समेत गरिएको थियो ।

**२०७२ मंसिर**

– मंसिर ४ गते म्याग्दीको प्रतिष्ठित निजी विद्यालय माउन्ट एभरेष्ट आवासीय उच्च माविको मुख्य प्रायोजन एवम् म्याग्दी साहित्य सञ्चारको आयोजनामा नेपालका ख्यातिप्राप्त कवि एवम् गीतकार दिनेश अधिकारीको एकल कविता वाचन कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रममा संकृतिविद् एवम् कवि तीर्थ श्रेष्ठ लगायत म्याग्दी, बागलुङ र पर्वतका साहित्यकारहरूको उल्लेख्य उपस्थिति थियो । त्यसैगरी म्याग्दी जिल्लाका सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख, शिक्षाकर्मी, विद्यार्थी लगायत अन्य साहित्यप्रेमी, सङ्गीतप्रेमी व्यक्तिहरूको पनि उपस्थिति थियो ।

**२०७२ माघ**

– माघ १ गते सुवासना साहित्यिक सदनको प्रकाशन तथा आयोजनामा एक कार्यक्रम सञ्चालन गरी म्याग्दीका गजलकार दर्पण रोकाको 'सहरभित्रका रहरहरू' गजल सङ्ग्रहको विमोचन भयो । यस कार्यक्रममा म्याग्दीका थुप्रै स्रष्टाहरूको उपस्थिति रहेको थियो भने विविध रचना वाचन र कृतिको समिक्षा गरिएको थियो ।

– माघको पहिलो साता बेनीमा सञ्चालन भएको मानव अधिकार तथा शान्ति समाजको राष्ट्रिय परिषद्को अवसरमा गलेश्वर मन्दिर परिसरमा एक शान्ति सन्देश मुलक साहित्यिक कार्यक्रमको आयोजना गरिएको थियो । यस कार्यक्रममा म्याग्दी लगायत अन्य जिल्लाबाट परिषद्का लागि आएका स्रष्टाहरूबाट विविध रचना वाचन गरिएको थियो ।

**२०७२ फागुन**

– फागुन १५ गते सुवासना साहित्यक सदनकै आयोजनामा एक कार्यक्रम सञ्चालन गरी स्याङ्जाका स्रष्टा डोल 'अभागी' को हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह 'नेपाली टाइम्स' को विमोचन गरिएको थियो । यस कार्यक्रममा पनि कृतिको समिक्षा लगायत स्रष्टाहरूबाट विविध रचना वाचन गरिएको थियो ।

– फागुन २२ गते भूपि स्मृति थाक पुस्तकालय कोवाङ, मुस्ताङको आयोजनामा धौलागिरि अञ्चलस्तरीय वनभोज कार्यक्रम सम्पन्न भयो । म्याग्दीको गलेश्वरमा सम्पन्न वनभोज कार्यक्रममा धौलागिरि अञ्चलका थुप्रै साहित्यकारहरूको जमघट भएको थियो । स्रष्टाहरूबाट रचना वाचन गरिएको यस कार्यक्रमले स्रष्टाहरूबीच आपसी सद्भाव र एकता रहेको सन्देश दिएको थियो ।

**२०७२ चैत**

– चैत १३ गते म्याग्दीका स्रष्टा शिव सस्मितको 'धुमिल आकाश' शैक्षिक उपन्यासलाई सप्त सारथि पब्लिकेसन प्रालि पोखराले बजारमा ल्याउने काम गऱ्यो । पोखरामा एक कार्यक्रमको आयोजना गरी पब्लिकेसन प्रालिले संस्कृतिविद् एवम् कवि तीर्थ श्रेष्ठको हातबाट उक्त पुस्तकको लोकार्पाण गराएको थियो । म्याग्दी, पर्वत, कास्की र अन्य जिल्लाका साहित्यकार, शिक्षाकर्मी तथा सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रममा कृतिको समिक्षा समेत गरिएको थियो ।

यसरी हेर्दा २०७२ सालमा यहाँका त्रियाशील साहित्यिक सङ्घसंस्थाहरूको आयोजना र शैक्षिक संस्थाको समेत प्रायोजनमा वर्षभरि नै विविध उपलब्धिमूलक साहित्यिक क्रियाकलापहरू सञ्चालन भएको देखिन्छ । त्यति मात्र होइन जिल्लामा सञ्चालित एफएम रेडियोहरूले साप्ताहिक/पाक्षिक रूपमा विविध साहित्यिक कार्यक्रमहरूको सञ्चालन गरी साहित्यिक रचना वाचन गर्ने गराउने, विभिन्न साहित्यिक व्यक्तित्वहरूको अन्तरवार्ता लिने वा उनीहरूसँग साहित्यिक भलाकुसारी गर्ने कामलाई समेत २०७२ मा निरन्तरता दिएको पाइन्छ । त्यसैगरी यहाँका दैनिक र साप्ताहिक समाचार मूलक पत्रपत्रिकाहरूले पनि स्रष्टाका साहित्यिक रचनाहरूलाई स्थान दिई साहित्यको विकास, सम्बर्द्धन र स्रष्टाको सम्मान गर्ने काम गरेको पनि देखिन्छ ।

म्याग्दी साहित्य सञ्चारद्वारा प्रकाशन आरम्भ गरिएको 'बुलबुल' द्वैमासिक साहित्यिक पत्रिकाको निरन्तरता सुवासना साहित्यिक सदनबाट हाम्रो मुक्तक यात्रा अभियानको निरन्तरता साथै अन्य स्रष्टाहरूका कृति प्रकाशन कार्यको थालनी, असोज महिनादेखि प्रकाशन आरम्भ भएको स्वर्गाश्रम प्रकाशन परिवार प्रकाशक र स्रष्टा तारामिलन छन्त्याल सम्पादक रहेको 'स्वर्गाश्रम' द्वैमासिक पत्रिकाको निरन्तरता, ख्यातिप्राप्त साहित्यकार हरूको जन्मजयन्तीको अवसरमा विविध कार्यक्रमको आयोजना र रचना वाचनको निरन्तरता आदि गतिविधिले २०७२ सालको म्याग्देली साहित्यिक फाँटलाई अत्यन्त हरिलो भरिलो तुल्याएको तथ्यलाई नकार्न सकिंदैन । त्यति मात्र नभएर यहाँका साहित्यिक सङ्घसंस्था र स्रष्टाहरूको अन्य जिल्लाका कार्यक्रमसमेत दर्विलो उपस्थिति रहनु र अन्य जिल्लाका स्रष्टाहरू यस जिल्लामा आएर आफ्ना सिर्जनाहरू प्रस्तुत गर्नुले देशव्यापी रूपमा साहित्यिक सद्भाव, सहिष्णुता र एकता मजबुत बनाउन अहम भूमिका खेलेको प्रष्ट हुन्छ ।

अन्तमा,

२०७२ सालमा म्याग्दीमा संख्यात्मक रूपमा मात्र साहित्यिक गतिविधिहरू सञ्चालन भएनन् ती गुणात्मक रूपमा पनि अत्यन्तै फलदायी रहे । साहित्यको क्षेत्रमा रहेका पुराना कर्मकाण्डी परम्परालाई तोडेर हाम्रो मुक्तक यात्रा, संस्थागत कृति प्रकाशन, त्रितालमा गजल, एकल कविता वाचन जस्ता नयाँ साहित्यिक आयामहरूको थालनी र राष्ट्रिय रूपमा ख्यातिप्राप्त स्रष्टाहरूलाई म्याग्दी आगमन गराउनु र उनीहरूको सम्मान गरिनुले राष्ट्रिय अन्तरराष्ट्रिय साहित्यिक क्षेत्रमा म्याग्दीले एक खालको पहिचान बनाउन सफल भएको छ । यो जिल्लाकै गौरवको विषय हो । भुकम्प र संविधान घोषणापछिको नाकाबन्दीबाट उत्पन्न असहज र अँध्यारो परिस्थितिमा समेत म्याग्दीको साहित्य यसरी उज्यालो चिराग लिएर अगाडि बढ्न सक्नु अत्यन्तै सकारात्मक पक्ष हो । म्याग्दीलाई साहित्यमार्गमा यस रूपमा अगाडि बढाउन अहम् भूमिका खेल्ने यहाँ क्रियाशील सबै साहित्यिक सङ्घसंस्था, यहाँका स्रष्टाहरू, सञ्चारमाध्यमहरू र सबै साहित्यप्रेमी महानुभावहरूलाई साधुवाद भन्नैपर्छ र वर्ष २०७२ लाई पनि धन्यवाद टक्रयाउनै पर्छ । वर्ष २०७३ ले पनि २०७२ का यस प्रकारका साहित्यिक गतिविधिहरूलाई निरन्तरता दिंदै म्याग्दीको साहित्यिक फाँटलाई अझै हराभरा तुल्याउन मद्दत गरोस् । साहित्यको क्षेत्रमा अझै नयाँ नयाँ आयामहरूको थालनी र निरन्तरता होस् नववर्ष २०७३ को सबैमा साहित्यिक शुभकामना । जय साहित्य ।

**विशेष धन्यवाद**

– रामप्रसाद सुवेदी, समालोचक एवम् साहित्यकार म्याग्दी

– ध्रुवलाल शर्मा, साहित्यकार एवम् अध्यक्ष म्याग्दी साहित्यिक समाज, म्याग्दी

– अजयमिलन श्रेष्ट, साहित्यकार, म्याग्दी

– सुशील थकाली 'अनुरागी', साहित्यकार एवम् अध्यक्ष, सुवासना साहित्यिक सदन, म्याग्दी

– घायलश्री, साहित्यकार एवम् अध्यक्ष, म्याग्दी साहित्य सञ्चार, म्याग्दी

– सन्दीप खत्री, साहित्यकार, सञ्चारकर्मी एवम् सचिव म्याग्दी साहित्य सञ्चार म्याग्दी

– तारामिलन छन्त्याल, साहित्यकार एवम् सम्पादक स्वर्गाश्रम द्वैमासिक पत्रिका, म्याग्दी

## सम्पादकीय ...

# दाताको रकम सदुपयोग गरौं

DofUbldf jif{Jl s/f]8f}?lkofFj/fj/sf]bftfsf] /sd lelqg]ub{5 . lhNnfdf ;~rflnt u}/;/sf/L ;+yfx? dfkm{ lelqg]/sd gful/s sf]ck]Iff cg';f/ vlr{ePsf]5g\ . bftfsf]OR5 / rfxgf cg';f/ ofhgf aGg]/ vr{xg]; +sf/n]ubf{s/f]8f}/sd lelqPklg pknlAw blvg ;s]sf]5g\ . bft[lgsfosf] cfkm\g} :jfy{ emGeml6nf] k|qmof / ;/sf/L lgsfo ;Fsf] ;dGjosf]cefjsf sf/0f u}; sf sltko ofhgfx? kf/bzL{xg ;s]sf 5g\g\. bft[lgsfox?n]lhNnfdf kj\"fwf/ / ;fdflhs ljsf;sf nflu jflif{s ?kdf @% blv #) s/f]8 ah]6 kl/rfng u/]sf]blvG5 . ah]6sf] 7"hf]/sd tna,eQf / ;fdflhs sfo{qmdsf nflu vr{ u/]sf] kfOG5 . u}; ;x?n] kj\"fwf/ ljsf;df Gog" dfqfdf vr{u/]sf 5g\Tof]klg ck]Iffsf[t pknAwL xfF;n xg;s]sf]5g\.

lhNnfdf cfudL jif{sf nflu @$ j6f u}/;/sf/L ;+yfx?n]@% s/f]8 eGbf jl9 /sd k|:tfjt u/]sf 5g\. eg] rfn' cfjsf nflu #) s/f]8 &@ xhf/ j/fj/sf ofhgfx? ;~rflnt 5g\. bft[lgsfosf] ;xofudf lhlj; dfkm{ las]Gb|t uf]d0f kj\"fwf/ lgdf0f tyf lhljsfkfhg ;'wf/ sfo{qmd-l8nlk_n] !) s/f]8 ?lkofFeGbf jl9 /sd kj\"fwf/ ljsf;sf nflu 5 . o:t}lkmgNof08 ;/sf/sf] ;xofudf ;~rflnt klZrd gkfn uf]d0f vfgkfgL tyf ;/;kmfO{ kl/ofhgfn]lhNnfsf]vfgkfgL / ;/;kmfO{sf] Iffqdf $ s/f]8 ?lkofFeGbf jl9 /sd ljlgofhg u/]sf] kfOG5 . lhNnfdf ;~rfng ePsf] l8nlk cfofhgf c;kmn eO;s]sf] 5 . bft[lgsfosf] emGeml6nf] k|qmofsf sf/0f lhNnfn]pknAwL xfF;n ug{;s]sf] 5g . o;df klg lkmgNof08 ;/sf/sf]ofhgf ;kmn ?kdf cuf8L j9]sf]blvG5 . o:t}lhNnfdf ;~rflnt u}/;/sf/L ;+yfx?n]lhlj;sf]glt lgodnfO{;dt dfGg c6]/ u/]sf]blvG5 .

o;n]ubf{klg pglx?sf]ofhgfx? pknlAwlxg ePsf xg . lhlj;n]u/]sf]eflt s kj\"fwf/ tkm{;f7L / ;fdflhs tkm{rfln; k|tzt ah]6 ljlgofhg u/]/ vr{ugkg{glt u}; ;x?n] Jojxf/df nfu"u/]sf 5g\g\. of]glt Jojxf/df nfu"gxbf bft[lgsfosf] ah]6 ;lx ;bkofu xg ;s]sf]5g . bft[lgsfosf] ;xofudf ;~rflnt u}; sf ofhgfx?nfO{lhNnfsf] lxtdf nufpg / Jojl:yt ug{sf nflu ;/sf/L lgsfo / /fhglts bnx?n]rf;f]lbgkb{5 . lhlj; kl/ifbaf6 kfl/t ePsf]glt nfO{Jojxf/df sfof{Gjog ug{s8f0 ugkb{5 . bft[lgsfosf] ofhgf cfof] eGbdf cfFf lrDn/ xft yfKg]/ pknAwL ;Go xg] kl/kf6Lsf]cGTo xgkb{5 . ljleGg lgsfo / ;+yfx? dfkm{ lhNnfdf cfPsf]ah]6nfO{;lx ;bkofu ug{ ;Sgkb{5 .

l6Kk0fL, k|ltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क**:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

# यसपटक "गोपाल कमरेड"लाई एकथान जब्बर बधाई दिन मनलाग्यो !



**चन्द्रप्रकाश बानियाँ**

हार्दिक बधाई छ गोपालजी ! विधिवत छोराहरूको व्रतबन्ध संस्कार सम्पन्न गर्नु भएकोमा बधाई ! साधारण सदस्यता समेत नरहनेगरी कम्युनिष्ट पार्टीसँग सम्बन्ध टुटेको डेढ दशक बितिसकेछ । कम्युनिष्टहरूले ब्यवहारमा आपसी सम्बोधनको रूपमा "कमरेड" शब्दको उपयोग गर्ने गर्छन् । बाबु-छोरा र पति-पत्नीबीच पनि कमरेड र तपाईको आदरार्थी सम्बोधन आम प्रचलनमा छ । "न रहे बाँस, न बजे बाँसुरी" भनेजस्तो स्वेच्छाले कम्युनिष्ट भनाउन पाउने गौरव परित्याग गरेपछि अरूलाई कमरेड भनेर सम्बोधन गर्नु भद्दा प्रहसन मात्र ठहरिने छ । सायद गोपालजीलाई कमरेड भनेर सम्बोधन गर्ने हक मैले गुमाइसकेको छु । त्यसबाहेक अर्को कुनै सामाजिक साइनो सम्बन्धको जानकारी मलाई छैन । हाम्रो समाजमा बुवा, आमा, छोरा, छोरी, सासु, ससुरा, साला, साली, जेठान, जेठाजु, नन्द, भाउजु, आमाजु र बुहारी आदि सामाजिक साइनो सम्बन्धहरू ब्यवहारमा सरलतापूर्वक प्रयोग गरिन्छन् । नाता लगाएर बोलाउनु शिष्टता मानिन्छ । त्यस्तो सम्बोधन प्रेमपूर्ण, हार्दिक र मर्यादित समेत मानिन्छ । तर संसारको सबभन्दा निकट र सर्वप्रिय सम्बन्ध श्रीमान र श्रीमतीको साइनो भने एक अर्कालाई बोलाउनका लागि उपयुक्त मानिदैन । कमरेड पनि त्यस्तै र उत्तिकै आत्मीयताबोधक विशेषण (संज्ञा) हो र पनि सबैले सबैलाई सम्बोधन गर्न मिल्दैन । कसैले त्यसो तत्काल कुनै प्रतिक्रिया नजनाएका विपीले भान्सामा पस्नुपूर्व भने जनै चुँडालेर फयाँकिदिएछन् । आफ्नो आस्था, विचार र सिद्धान्तका अगाडि विपीका लागि चुनावी भोटको कुनै मूल्य थिएन । परिवर्तनको संवाहक बन्न चाहनेहरूले विपीकोजस्तो साहस प्रदर्शन गर्न सक्नुपर्छ । उदाहरण प्रस्तुत गर्न हिच्किचाउनु हुदैन । "वडाले जो गऱ्यो काम, हुन्छ त्यो सर्वसम्मत" भनेजस्तो विपीको ब्यवहारप्रति कसैले औंलो ठड्याउने हिम्मत गरेनछन् । त्यो वास्तविक घटना थियो । समाजिक रीतिस्थिति प्रतिको अन्धआस्था विरूद्ध त्यो जमानामा उनले देखाएको साहस प्रशंसनीय थियो । उनकै इच्छानुसार छोराहरूले उनको निधनपछि तेह्रदिने काजकिरीया पनि गरेनन् । मरेतिथिमा श्राद्धतर्पण गर्छन कि गर्दैनन् भन्ने कुरा भने सार्वजनिक भएजस्तो लाग्दैन ।

सामाजिक संस्कारहरू लुतो जस्तो जिराहा प्रकृतिका हुन्छन् । सजिलैसँग तिनीहरूबाट ज्यान छुटाउन गाह्रो हुन्छ । स्वभावतः गोपालजीले पनि छोराहरूको व्रतबन्धको कर्तब्य पूरा त्यस्तै चेपुवामा परेर गर्नु भएको होला । संस्कारप्रतिको आस्थाका कारणले भन्दा "लोकले के भन्ला" भन्ने त्रासले परम्परा पछयाउन उत्प्रेरित गऱ्यो होला । त्यो विषयमा टिका टिप्पणी गर्नु आवश्यक छ जस्तो लाग्दैन । आ-आफ्नो गम, पाकेका केरा ! अर्थात पाकेको केरा फेला परेपछि बोक्रा फालेर खाए पनि बोक्रैसँग खाए पनि आफ्नो अस्तित्व नामेट नभैसकेको भए पनि त्यो संस्कारसँग जनैको कुनै साइनो सम्बन्ध बाँकी रहेन भन्नु अतिशयोक्ति ठहरिदैन ।

सामाजिक र राजनैतिक क्रान्तिको नायकपरिवारका अब्बल सन्तति पूर्व प्रधानमन्त्री स्वर्गीय सुशिल कोइरालाको अन्येष्टि कर्मको सन्दर्भमा आर्यघाटमा प्रदर्शन गरिएको एउटा तमासामा सबैका आँखा परेको हुनुपर्छ । दागवत्ति दिनेमध्येका एकजनाले कोटबाहिर मालाझैं गरेर जनै भिरेको देखिन्थ्यो । अवश्य उनी कोइराला खानदानकै उत्तराधिकारी हुनुपर्छ । वास्तवमा उनको त्यो नौटङ्की जनैको पनि अपमान थियो । संस्कारको पनि अपमान थियो र विपी कोइरालाको विचारको उपहास पनि थियो । त्यो विदुषकचेष्टा आफ्नै वेइज्जती पनि थियो । मैले इङ्गित गर्न खोजेको कुरा कति मात्रै हो भने अबको जमानामा जनैको उपयोगिता पूरै समाप्त भैसकेको छ । कुनै जमानामा जनै उच्च वैदिक आर्य समुदायको गणचिन्ह मानिदो हो । टाढैबाट तागाधारी आर्य रहेछ भनेर चिनियोस्, खोजीपाँसुली गरिरहन नपरोस् भनेर जनै लगाउने परम्परा बसालिएको हो । धर्म, संस्कार, गायत्री वा अन्य कुनै सामाजिक परम्परासँग जनैको गोरूबेचेको साइनो सम्बन्ध छैन । वैदिक धर्मसंस्कृति भारतमा विकसित भएको हो । भारत अपेक्षाकृत गर्मी ठाउँ हो । मानव विकासको प्रारम्भिक चरणमा उर्ध्वबस्त्र (कम्मरभन्दा माथि छोप्ने कपडा) गर्ने गर्छन् । श्राद्ध आफैमा एउटा भ्रान्त धारणा हो । ब्राह्मण सुमदायको जीविकाको निमित्त सिर्जना गरिएको मनोवैज्ञानिक शोषणको माध्यम संस्कार हो । तेह्रदिने किरियाको सन्दर्भमा पनि जनै अनिवार्य मानिन्छ । तेह्रदिने संस्कारको पनि कुनै धार्मिक, वैज्ञानिक र सामाजिक उपयोगिता छैन । त्यो पनि नितान्त ब्राह्मण जीविकाको निमित्त रचिएको तारतम्य मात्र हो । हो, कुनै जमानका राजा महाराजाहरूले बाहुनलाई "पढ्नु, पढाउनु, यज्ञ गर्नु, गराउनु, दान लिनु, दिनु" बाहेक अरू ब्यवशाय गर्नमा प्रतिबन्ध लगाइदिएका थिए । त्यतिबेला अनेक नयाँ नयाँ कर्मकाण्डहरूको आविष्कार गरेर बढ्दो ब्राह्मण आवादिको जिविका चलाउने र जीवन धान्ने प्रपञ्च मिलाइएको हो । ब्रतबन्ध पनि तिनैमध्येको एउटा कर्मकाण्डी परम्परा हो । संस्कार हो । अब त्यसको कुनै प्रयोजना र उपयोगिता बाँकी छैन ।

अन्तमा गोपालजी ! अर्को एउटा प्रसङ्गको पनि स्मरण गराउन चाहन्छु । १२ बुँदे दिल्ली सम्झौता

> ... ब्राह्मण सुमदायको जीविकाको निमित्त सिर्जना गरिएको मनोवैज्ञानिक शोषणको माध्यम संस्कार हो । तेह्रदिने किरियाको सन्दर्भमा पनि जनै अनिवार्य मानिन्छ । तेह्रदिने संस्कारको पनि कुनै धार्मिक, वैज्ञानिक र सामाजिक उपयोगिता छैन । त्यो पनि नितान्त ब्राह्मण जीविकाको निमित्त रचिएको तारतम्य मात्र हो । हो, कुनै जमानका राजा महाराजाहरुले बाहुनलाई "पढ्नु, पढाउनु, यज्ञ गर्नु, गराउनु, दान लिनु, दिनु" बाहेक अरु व्यवशाय गर्नमा प्रतिबन्ध लगाइदिएका थिए । त्यतिबेला अनेक नयाँ नयाँ कर्मकाण्डहरुको आविष्कार गरेर बढ्दो ब्राह्मण आवादिको जिविका चलाउने र जीवन धान्ने प्रपञ्च मिलाइएको हो । व्रतबन्ध पनि तिनैमध्येको एउटा कर्मकाण्डी परम्परा हो, संस्कार हो ।

गर्छ भने त्यो अज्ञानता ठहर्छ । कुनै बुहारीले ससुरालाई "लोग्ने" भनेर सम्बोधन गरेजस्तै गैर-कमरेडहरूले कमरेडको सम्बोधन गर्नु अभद्र र अमर्यादित चेष्टा मानिन्छ । दलगत राजनीतिका हिसाबले पारपाचुकी भैसकेको भए पनि हामी दुईबीचको अर्को उपयुक्त साइनो खुटयाउन नसकेको हुनाले "कमरेड" भनिदिएँ ! गोपालजीले अवश्य यो धृष्टताका लागि माफ गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रिय गोपालजी !

विषय प्रवेश गर्नुपूर्व एउटा पुरानो तर प्रेरक सत्य घटना सुनाउने अनुमति माग्दछु । कुरो २०१५ सालको आम निर्वाचनको बेलाको हो । चुनाव प्रचारको सिलसिलामा नेपाली काँग्रेसका नेता विपी कोइराला पाल्पा पुगेका रहेछन् । तिनताका ब्राह्मण, क्षत्री, विश्वकर्मा र छन्त्याल समुदायमा भान्सा पस्दा (खाना खाने बेलामा) नयाँ धोती फेर्नुपर्ने चलन थियो । भान्सामा जानुपूर्व लुगा फेर्दा विपीको घाँटीमा जनै रहेनछ । कुनै सुभेच्छुकले तत्काल उनलाई जनै लगाइदिएछ र सार्वजनिक रूपमा विनाजनै भात खाइदिँदा कट्टर ब्राह्मण समाजले पचाउन सक्तैन । त्यसले निर्वाचनमा पनि प्रतिकूल असर पुऱ्याउन सक्ने सम्भावना पनि अनुरोध गरिएछ । मनखुसीको विषय मानिन्छ ! सामाजिक संस्कारहरूको अवलम्बन अनुशरण नागरिक स्वतन्त्रताको कुरा पनि हो । जुनसुकै राजनीतिक दर्शनमा आस्था राखे पनि जन्मका हिसाबले गोपालजी एउटा हिन्दू हुनुहुन्छ । हिन्दू धर्मसंस्कारमा व्रतबन्धको ठूलो महत्व छ भनिएको छ । "जन्मना जायते शुद्र, संस्काराद् द्विज उच्चेते" । 'जन्मदा सबै शुद्र नै हुन्छन् । व्रतबन्धादि संस्कारपछि ब्राह्मण भनिने हुन' भन्ने आशय यो नीतिवचनको हो । जनै भनेको शुद्रकोटिको मानिसलाई उपल्लो जातमा उकाल्ने बुटी (कर्म) हो । हुनत ब्यवहारमा बाहुनको छोरालाई बाहुन भनाइमाग्न जनै लगाइरहनु पर्दैन । बाहुनको छोराले जनै नलगाए पनि शुद्र भनिदैन र जनै लगाए पनि शुद्रको सन्तान बाहुन हुन सक्तैन । अर्थात जनै नलगाए पनि गोपालजीका छोराहरूको जात घट्ने अवश्य थिएन । कर्मले होइन, जन्मले जात छुट्टिन्छ । चर्चित साहित्यकार खगेन्द्र संग्रौलाले ब्राह्मणपुत्र भएर पनि ब्रतवन्ध गरेनन्, जनै लगाएनन् र पनि उनी ब्राह्मण समुदायमै गनिन्छन् । संग्रौलालाई बाहुन होइन भन्ने हिम्मत कस्को छ र ? वेनीकै सफल उद्यमी ब्यवशायी जीवनकुमार विश्वकर्माका बुबा (मैले नाम बिर्सेछु) ले जनै लगाउनु हुन्थ्यो र पनि कसैले ब्राह्मण भनेन । अर्थात हाम्रो समाजमा जात भातको लगाइदैनथ्यो । त्यसैले सबैका आँखा सजिलैसँग जनैमा पर्नसक्ने अवस्था थियो । जातभात सोधीरहनुपर्ने आवश्यकता पर्दैनथ्यो । हो, त्यही सहुलियतका लागि मात्रै जनै लगाउन थालिएको हो । कालान्तरमा त्यो मन्त्रपूतसुत जातको प्रतीक बन्यो । करीब सातसय वर्ष अगाडि जनै भिर्न थालेपछि खस समुदाय पनि ब्राह्मण, क्षत्री, ठकुरी र दशनामी नामका कथित उपल्लो जातमा दरिएको हो ।

"मानिसहरूको अन्तराष्ट्रिय जाति हुनेछ" भन्ने गीत सयौंचोटि गोपालजीले पनि भाकाहालेर अवश्य गाउनु भयो होला । कम्युनिष्टहरूले जात भात मान्दैनन् । घोषितरूपमै कम्युनिष्ट सिद्धान्त परित्याग गरेका डा. बाबुराम भट्टराईले समेत कथित तल्ला भनिएका जातजातिका मान्छेका भान्छामा पसेर जातिउन्मूलनको सांकेतिक अभियान जारी राखेकै छन् । अझैसम्म कम्युनिष्ट विचार परित्याग गरिनसकेका गोपालजीले जातलाई जनैसँग घाँटीमा भिरिरहनु आवश्यक अवश्य ठान्नु हुन्न होला । होइन, जातको त अघोरै माया छ भने पनि जात जोगाउन वा चिनाउन अब जनै लगाइरहनुपर्ने आवश्यकता छैन । जात छुट्याउने हैसियत जनैले गुमाइसकेको छ । दोश्रो उपयोगिता भनेको विभिन्न खाले श्राद्धकर्ममा जनैको प्रयोग हिन्दू धर्मालम्बीहरूले भैसकेको थिएन । हुलाक चोकमा एकदिन तपाइसँग जम्का भेट भयो । तिनताका एकजना एकताकेन्द्र- एमाले- माले- हुँदै राजवादी कित्तामा पुगेका मानिसको सम्पादकत्वमा प्रकाशित हुने साप्ताहिकमा लेख्ने गर्थें । त्यही राजावादीको पत्रिकामा छापिने हुनाले मेरा लेखहरू नपढ्ने घोषणा सुनाउनु भएको थियो । कसले लेख्छ र कसले छाप्छ भन्नुभन्दा "लेखिएको के छ ?" भन्ने विषयले महत्व पाउनुपर्ने हो । त्यो बेला राजावादीको लेवल लागेका उनै सम्पादक ययितबेला नेकपा माओवादी(क्रान्तिकारी) को केन्द्रमै छन् । उतैबाट एमाले-माले-राजावादी हुँदै पुन एक फन्को मारेर पुरानै ठाउँमा पुगेका छन् । विगत १२ वर्षमा सम्पादकले अनेकौं चोला फेरे पनि साप्ताहिक र मेरो स्तम्भ भने यथावत, अविछिन्न र निरन्तर छ । अब त मेरो लेख बहिष्कार गर्नु हुँदैन होला कि ? कतै तपाई अर्को कुनै माओवादी कित्तामा हुनुहुन्छ र फरक कित्तासँग कुनै साइनो सम्बन्ध र ब्यवहारसमेत नगर्ने रूढीवादी चिन्तनबाट मुक्त हुन बाँकी छ ? सिद्धान्तमा कट्टरता र ब्यवहारमा लचकता अपनाउनुपर्छ भन्ने राजनीतिक मन्त्र बिर्सनु भएको छैन होला । बिर्सनु भएको हो भने पनि मैले स्मरण गराउने धृष्टता गरें है । अन्यथा नठान्नु होला । फेरि अर्को एकपटक बधाई ! ■

हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

दिपक कार्की
प्रबन्ध निर्देशक एवम्

एमआइटी सञ्चार प्रा. लि.
बेनी बजार म्याग्दी
सम्पर्क नं ०६९-५२११००
हाइस्पिड इन्टरनेटका लागि हामीलाई सम्झनुहोस् ।



हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

रेक वहादुर पुन, प्रबन्धक
डम्बरबहादुर घर्ती, सचिव
मोतीराज उपाध्याय, अध्यक्ष
एवम्

दरबाङ बचत तथा ऋण सहकारी संस्था लि. परिवार
दरबाङ बजार म्याग्दी




हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. रामचन्द्र तिमिल्सिना

आर.सि.एस. स्टोर्स (कस्केली भाँडा पसल)
न्यूरोड, बेनी बजार म्याग्दी (सम्पर्क: ९८५७६२४८१०, ०६९५२१२०४)
डाइमण्ड सोनी नेश्नल कम्पनिको अधिकृत बिक्रेता,जिम कम्पनिका बाटा, वाल्टीको अधिकृत बिक्रेता साथै सम्पूर्ण किचनका भाँडावर्तनहरु थोक तथा फुटकर मूल्यमा उपलब्ध गराइन्छ।


# दोबा : महिलाको नेतृत्वमा चलेको नमुना गाउँ



हरिप्रसाद पौडेल

**गाउँमा कदेवि र वोमायाहरु सक्रिय भएर गाउँको विकासको नेतृत्व लिइरहेका रहेछन् र साथ दिइरहेका रहेछन केहि युवा युवतिहरुले, अन्यत्रभन्दा केही फरक हामीले देख्न पायौं त्यो हो युवायुवतिको केही जमात । अन्य गाउँमा पुग्दा वुढावुढी र केटाकेटीहरुमात्रै देखिन्थे भने दोवामा अझै विदेशी मोहले च्यापिनसकेको भान हुन्थ्यो । हामी त्यस दिन विहान सरसफाइका लागि जुट्ने कार्यक्रम रहेको थियो ।**

झण्डै ६:३० वजेको हुँदोहो एउटा परिचित नंवरवाट फोन आयो सामान्यतया संस्थागत कामको शिलशिलामा धेरै पटक मैले गरिरहने फोन थियो त्यो म छक्कै परे फोन उठाए उतावाट सामान्य दर्शन नमस्ते पश्चात एउटा अफर आयो दाइ दोबा जाऔं भोली ! किन वैनि सहजै सोधे मैले अनि जावाफ आयो दोवा गाउँलाई पूर्ण सरसफाई युक्त वनाउन वास पत्रकारको टोलिले जिम्मा लिएको छ त्यहाँ त्यस कामको लागि तपाइको संस्थाले सुधारिएको चुलोको कार्यक्रम गरिरहेको र त्यसको समेत अनुगमन हुने भएकोले गैसस महासंघ र तपाईको संस्थाकै समेत प्रतिनिधित्व गर्दै दोवा जानुपर्‍यो भनेपछि भने मलाई अलि असहज भयो किनभने म केहि घण्टा अगाडि मात्रै पोखराको एउटा समिक्षा सकाएर बेनी आइपुगेको र पुनः भोली पल्ट स्थानिय शान्ति समितिको कार्यक्रम सञ्चालन गर्न पाल्लेखेत, भिँ र पाखापानी जाने तयारी भएको थियो एक्कासिको त्यस फोनले मेरो समय तालिका परिवर्तन हुने भयो र विहान जानाकारी गराउने भन्दै फोन राखे ।

विहान ८:०० वजे तिर फोन गरी जाने पक्का पक्कि गरियो र वेलुका ३:३० तिर जाने कुरो भयो दिनभरि अफिसियल कार्यक्रममा ब्यस्त भए पश्चात एक्कासिको हुरी वतासको समेत पर्वाह नगरी ४ वजेतिर दोवा जानेगरि जिपमा चढियो वेनिवजारको क्याम्पस चोकवाट तर सवै साथिहरू जम्मा भइनसकेकोले साथिहरूलाई पिकअप गर्न पुःन वजार घुमियो र थप ३ जना साथिसमेत गरि नागरिक समाजका संयोजक एवं वास पत्रकार मञ्चका सदस्य सुदर्शनकुमार श्रेष्ठ, दोवा गाविसका सचिव लिलावहादुर चोखाल म र अन्य वास पत्रकार मञ्चका साथिहरू गरी गुरूजी संग जम्माजम्मी १४ जना साथिहरू भएर वोलेरो जिपमा दोवातर्फ प्रस्थान गरियो वेलुकी ५:२० तिर ।

बेनी मुस्ताङ्ग खण्डको बेनीवाट १५ किमि हिडेपछि आइपुग्ने वैसरी पुग्दा पानि आकाशवाट यसरी घोप्टियोकि मानौं वाटोमा राखिएको पानी एकैपटक खन्याइएको छ त्यसरी पानी पर्दा सवै साथिहरू आत्तिएको महसुस भयो केहि साथिहरू भन्दैथिए यसपालि पानी धेरै पर्ने भयो भुकम्पले हल्ल्लाएको जमिन धेरै पहिरो जान्छ यसपालि भन्दै थिए भने गुरूजी अव अगाडिको वाटो कसरी जाने हो वाटो उकालो र कमेरे माटो छ चिप्लो हुने भयो भनि चिन्ता गरिरहेका थिए, गफ गरिरहदा केहिथान अण्डा, काचै चाउचाउ तथा चियाका थर्मस रित्तिइसकेका थिए वैसरिको एक होटलमा, यसैक्रममा वर्सातको पानी मुलमा मिसिएकोले चाउचाउ पकाउने पानी छैन भन्दापनि सुख दिइएन र मिनिरल वाटर हालेर पकाएको एकएक वोल पकाएको चाउचाउ स तरकारी मिसेर खाइसकियो समुहमा त जे भएपनि मिठो हुने सवैले जिव्रो फट्कारेरै चाउचाउ खाइसकि लागियो अगाडितिर ।

बेनीवाट झण्डै १८ किलोमिटर बेनी मुस्ताङ्ग खण्डको वाटो हिडेपछि भिरकाटे भन्ने ठाउँवाट दोवावासिले बेनी मुस्ताङ्गको वाटोसंग साटेको मोटरेवल पुल तरी वाया लागेपाछि सुरू हुन्छ दोवा गाविसको दोवा गाउँ जाने वाटो जुन वाटो झण्डै नब्बे डिग्रिकै हाराहारी देखिने पहाडलाई नागवेलि पार्दै खानिएको ७ किलोमिटर वाटो जुन वाटो झण्डै २१ बटा घुम्ती पार गर्दै पुगिने दोवा गाउँको उकालो लाग्दा केहि अगाडिदेखि परिरहेको पानीले वाटो होकि होइन भन्ने सम्मको अवस्थामा पुर्‍याइसकेको थियो तथापि अनुभवि गुरूजीले राम्रो संग डोर्‍याइरहे विचविचमा साथिहरू झरेर ढुङ्गा पन्छयाउदै थाकेर लगभग ८:३० वजेतिर मात्रै दोवा गाउँ पुगीयो ।

सिमसिमे पानीमा, पहिलो पटक दोवा पुग्ने धेरै थिए यस जिन्दगानिमा । साँझको समय उसैत ब्यक्तिगत समय हुने त्यसैमाथि ७० वर्षको नभइ दोस्रो पुस्ताको नेता वन्न नपाईने देशका हामि नागरिकहरूको नागरिक समाजका संयोजक वाहेक सवै झण्डै २०-२२ देखि ३४/३५ वरीपरीका थियौं, टुक्का, थेगो मिसाउदै जो जे मा रम्न सक्नेहो रम्ने र हासो मजाक गर्ने गर्दै दोवा गाउँमा पुगेर उही दुखालु (अल्लारेहरूको भाषामा व्रोइलरलाई भन्ने गरेको शब्द) र आयातित चामलको भात खाइवरी विस्तारमा पुगियो तर दिउसो को पानीले विस्तारा भिजेर लछप्पै भएको रहेछ त्सैमा रात विताईयो तर त्यस्तो अफट्यारो महसुस कसैले गरेनन् ।

विहान ७ वजे तिर रातो चिया खाइवरी गाउको सिरानमा पुगेर हेर्दा वल्ल थाहाभयो दोवाको गाउँको वास्तविकता, लेकालि गाउँको विशेषता सम्पुर्ण घरधुरी एकआपसमा थुंगेफूलको माला गाँथेझैं गरी लहरै परेका गुचुमुच्च भएर वसेका यस्तै अवस्था थियो दोवा गाउँको, गाउँको सिरानमा अजंगको ढुंगे पहरा र त्यसको शिरमा नेपाल टेलिकमको कमचलाऊ टावर त्सैले त्यस गाउँलाई सञ्चार सुविधा केहिहदसम्म दिन सकेको रहेछ । गाउँको शिरानवाट धेरै फोटाहरू खिचिए र एनसेल को कतिवेला कतिवेल टिप्ने डाटा प्याकको प्रयोग गरी सामाजिक सञ्जाल संग जोडिने कार्य सोहि वखत साथिहरूले सम्मन्न गर्नुभयो । अघिल्लो दिनको पानी र असिनाले केहि भएको साग सब्जी समेत ध्वस्त पारेका गाउँमा अलिक ठुलो पानी पर्दा माथिवाट माटोको रेलो गाउँमानै आउने समस्या रहेको त्यस वखत अनुमान गर्न सकिन्थ्यो त्यसैलाई केहि हद सम्म भएपनि सम्वोधन गर्नको लागि होला केहिवर्ष अगाडि स्थानिय विकास कोषको सहयोगमा वस्तिभित्र नालिको ब्यवस्था गरीएको रहेछ, ८:०० वजेतिर गाउकै विचमा रहेको वडा कार्यालय पुगेपछि थाहा भयो गाउँमा कदेवि र वोमायाहरू सक्रिय भएर गाउँको विकासको नेतृत्व लिइरहेका रहेछन र साथ दिइरहेका रहेछन केहि युवा युवतिहरू ले, अन्यत्र भन्दा केहि फरक हामिले देख्न पायौ त्यो हो युवायुवतिको केहि जमात अन्य गाउँमा पुग्दा वुढावुढि र केटाकेटीहरूमात्रै देखिन्थे भने दोवामा अझै विदेशिमोहले च्यापिनसकेको भान हुन्थ्यो । हामि त्यस दिन विहान सरसफाइका लागि जुट्ने कार्यक्रम रहेको थियो योजना सुनाइसक्दा वोमाया र कदेविहरू आजको कार्यक्रमको अगुवाइका लागि तयार भइहाले र पत्रकारहरू, सामुदायका अगुवा (विशेष गरि महिलाहरू) को टोलि ३ टोलिमा विभाजन भई सरसफाइको लागि सचेतना जगाउन हामि लाग्यौ र केहि गाउँभित्रको फोहोर निकालेर ब्यवस्थापन गर्ने कार्य गरीयो । सरसफाइको क्रममा थाहा भयो गाउमा सफाइ अभियान सञ्चालन भइरहेको रहेछ तर अचम्म के भने प्रत्यक घरको छेवैमा वेहुलि कटेरी (घुम्टी) र त्यसमा रक्सी का वडेवडे अण्डी पाकिरहेका देखिन्थे त्यसलाई भने सवैको समन्वय र सहकार्यमा हटाउनुपर्ने या त ब्यवस्थीत गर्नुपर्ने आवश्यकता देखिन्थ्यो । तथापि सामान्यतया गाऊ सफा थियो गाउलेहरू सफा गर्नुपर्ने कुरामा सचेत थिए।

सरसफाइको कार्यक्रम सकिएपछि खाना पाक्दै गरेको समयलाई सदुपयोग गर्ने उद्धेस्यले हामिहरू नजिकैको चट्टानमा पुग्यौ चट्टान साच्चै ऐतिहासिक थियो अजंगको त्यस चट्टान कुनै वेला एउटै थियो, स्थानियको कथन अनुसार लामाले मन्त्रको माध्यमवाट फुटाएको रे भन्ने सुन्न पाइयो । हेर्दा लाग्थ्यो कुनैवेलाको भुकम्प लगाएत प्राकृतिक विपत्तिको बेला फुटेको हुनसक्छ त्यो चट्टान । हेर्दै कहालि लाग्दो , र साहस वटुलेरै मात्र पुग्न सकिने त्यस चट्टानको एक पाटोमा सवै साथिहरू पुग्यौ र धित मरून्जेल फोटो शेसन गरियो पत्रकारहरूको टिम भएकोले फोटो खिच्न कुनै कन्जुस्याई थिएन तर अर्को पाटोमा भने म र एकजना साथि मात्रै पुग्न सक्यौ त्यो पनि भ्यागुतो चालमा त्यो भन्दा अन्य विकल्प थिएन त्याहाँ चढ्नको लागि तैपनि आट गरियो तर अलि केटाकेटिकै पारा गरीयो कि भन्ने लाग्यो ।

विहानको खाना खाइवरी दिउसोको कार्यक्रममा लागियो गाविसका आउन सकिने सम्मका प्रतिनिधिहरूको उपस्थितीमा पुर्ण सरसफाइका ५+१ का वारेमा छलफल भयो र केहिसमय दोहोरो छलफल पश्चात प्रतिवद्धताका भाषण-भुषण पश्चात खाजासाजा खाइवरी गाउलेहरूको स्नेहपुर्ण विदाइका साथ बेनीका लागि प्रस्थान गरियो ।

*(लेखक गैरसरकारी संस्था महासंघ म्याग्दीका अध्यक्ष हुन् ।)*

■



# नव वर्ष २०७३ को शुभकामना

**म्याग्दीका लागि अधिकृत विक्रेता**




**Pashupati Paints**

खुशीका रंगहरु




प्रो. इन्द्रबहादुर मगर

# यति धौलागिरि ट्रेडर्स प्रा.लि

# हुलास स्टिल डिपो परिवार

प्रो. गंगाकुमारी चन्द (मगर)

# इन्द्रगंगा कन्स्ट्रक्सन

**हाइवेरोड पर्वत बेनी**

**फोन नं. ०६९५२१०७६, मोवाइल नं. ९८५७६२३०३६**

---

**यहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामानहरू सुपथ मूल्यमा पाइनुका साथै होम डेलिभरीको पनि व्यवस्था छ ।**

# नव वर्ष २०७३ को शुभकामना

सञ्चालक - तारानाथ रेग्मी (९८४७६३१९०६)

## मुक्तिनाथ इन्टरप्राइजेज

न्यूरोड, बेनीबजार, म्याग्दी, फोन : ०६९-५२०८७५

१. गोरखा ब्रुअरी प्रा.लि. - टुबोर्ग, काल्सवर्ग, गोरखा वियर
२. डावर नेपाल - रियल जुस, डावर अमला तेल, डावर ग्लुकोज
साथै अन्य सामानहरुको अधिकृत बिक्रेता

प्रो. भिमनाथ रेग्मी (९८५७६४०८३०)

## भिम एण्ड ब्रदर्श

न्यूरोड, बेनीबजार, म्याग्दी, फोन : ०६९-५२०८३०, ५२०४६०

पोखरा नुडल्स, सिद्धिविनायक फुड्स र नामुद चियाको अधिकृत बिक्रेता
साथै खाद्यान्न लगायत सम्पूर्ण किराना सामानहरुको थोक बिक्रेता

नववर्ष २०७३ को अवसरमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको मङ्गलकामना

## BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?



- तपाईंले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईंले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....

बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी — फोन: ०६९-५२०७६०
न्यूरोड, पोखरा (भाटभटेनी सँगै) — फोन: ०६१-५२७४२०

Raja Taylor | DIGJAM | Ashvira | OCM | Bentley | Raymond

नववर्ष २०७३ को अवसरमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको मङ्गलकामना



प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

## जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)
९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाइँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, शेयर सदस्य, आफन्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको

**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

| कलानिधि शर्मा | गोविन्द पौडेल | छविलाल सुवेदी |
|---|---|---|
| प्रबन्धक | सचिब | अध्यक्ष |

एवम्

## अन्नपूर्ण व्यवसायिक कृषि सहकारी संस्था लि परिवार

ताकम-३, म्याग्दी

(अर्गानिक विउ विजन, मकै आलु गहुँका लागि हामीलाई सम्झनुहोस्)

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा
आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण
नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा
सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेमलाल कँडेल — प्रबन्धक
एवम्
दिलिपकुमार शेरचन — अध्यक्ष

**पश्चिम म्याग्दी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

दरबाङ बजार, म्याग्दी

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा
आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण
नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा
सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

गुमानसिं कार्की — सचिव
एवम्
रुद्रबहादुर कार्की — अध्यक्ष

**गलेश्वर शिवालय क्षेत्र विकास कोष परिवार**

गलेश्वर, म्याग्दी

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक,
आफन्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली
दाजुभाई तथा दिदीबहिनीहरूमा
सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. मनोहर आचार्य

